Kayakairan Daily
www.kayakairan.com
# कायाकैरन
दैनिक

## कर्मचारी आवश्यकता

सानिमा लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड, एजेन्सी मेनेजर कार्यालय भरतपुर शाखाको लागि बिजनेस एसिस्टेन्ट पदमा केही महिला तथा पुरुषहरु आवश्यक भएकोले हालसालै खिचेको पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिसहित यथाशीघ्र सम्पर्क राख्नुहोला ।

आवश्यक संख्या : ६ जना — शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण
उमेर : १८ वर्ष पूरा भै ४५ ननाघेको — पारिश्रमिक : ३०,०००+बोनस

*नोट : बीमा क्षेत्रमा अनुभव भएका व्यक्तिहरूलाई विशेष ग्राह्यता दिइने छ ।*

सम्पर्क :
**सानिमा लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड, काउन्सिलिङ कार्यालय**
भरतपुर-१०, चितवन, ९८५५००२५२५

वर्ष: १७ | अंक : ३३ | शुक्रबार २५ कात्तिक २०७९ Friday 11 November 2022) | मूल्य रु. ५/- | मासिक ग्राहक शुल्क रु.१००/- | पृष्ठ संख्या :४

# विज्ञान दिवसमा विद्यार्थीको प्रतिभा

**|| शिव गौतम**
**भरतपुर, २४ कात्तिक**

भरतपुर महानगरपालिका वडा नं ७ स्थित अङ्कुरम् एकेडेमीमा बिहीबार दिउँसो छुट्टै रौनक थियो । विद्यालयको प्राङ्गणमा विद्यार्थी, अभिभावक र शिक्षकशिक्षिकाहरू जम्मा भएका थिए । प्राङ्गणमा विभिन्न लहरमा टेबलहरू राखिएका थिए । टेबलमाथि विद्यार्थीहरूले बनाएका हस्तकला तथा विज्ञानका प्रोजेक्ट कार्यहरू थिए । यो दृश्य अङ्कुरम् एकेडेमीले आयोजना गरेको विज्ञान प्रदर्शनीको हो ।



विश्व विज्ञान दिवस २०२२ को अवसरमा सो प्रदर्शनी आयोजना गरिएको थियो । कक्षा १ देखि १० सम्म अध्ययन गरिरहेका विद्यार्थीहरूले विज्ञानका विभिन्न शीर्षकमा रहेर बनाएको हस्तकला तथा प्रोजेक्ट कार्यलाई प्रदर्शनीमा राखिएको थियो । विद्यार्थीहरूले कार्टुन पेपर, चार्ट, क्ले माटो, मार्कर पेन, लगायतको प्रयोग गरेर जीव र वनस्पतिको कोषको नमूना तथा विभिन्न जीवहरूको जीवनचक्रको बताउने आकृति तयार पारेका थिए ।

भूकम्प आएको थाहा दिने आर्लम, टंकीमा पानी भरिएको संकेत गर्ने आर्लम, हाइड्रलिक प्रेसरबाट चल्ने उपकरणको नमूना, लगायतका आविष्कार पनि प्रदर्शनीमा राखिएका थिए । त्यहाँ सौर्यमण्डल तथा सूर्य ग्रहणका बारेमा तयार पारिएका प्रोजेक्ट पनि देख्न सकिन्थ्यो । प्रदर्शनी अवलोकन गर्न आएकालाई विद्यार्थीहरूले आफ्नो प्रोजेक्टबारे जानकारी दिइरहेको देख्न सकिन्थ्यो ।

प्रदर्शनीमा अवलोकनका लागि कूल १८० भन्दा बढी सामग्री राखिएका थिए । हरेक कक्षामा विद्यार्थीहरूलाई चारदेखि छ वटासम्म समूहमा बाँडेपछि विद्यार्थीहरू आँफैले स्वत:स्फूर्त रूपमा प्रदर्शनीका लागि विषयको छनौट गरेको विद्यालयका लेभल हेड अर्जुन शर्माले बताए ।

"विद्यार्थीहरूले इन्टरनेटमा भिडियो हेर्छन् अनि त्यसै अनुसार गर्ने भनेर प्रस्ताव ल्याउँछन् । कक्षामा पढाइ भएकै विषयवस्तुमा प्रोजेक्ट गराउँछन्", शर्माले अगाडि भने, "विज्ञान विषय शिक्षकले स्वीकृति दिएपछि विद्यार्थीले बनाएका हुन् । आवश्यक सामग्री सबै विद्यालयले नै उपलब्ध गराएको हो ।" कक्षामा पढेका सैद्धान्तिक कुरालाई प्रयोगमा ल्याउन विज्ञान प्रदर्शनीले भूमिका खेल्ने उनले बताए । प्रदर्शनीमा अन्य १५ वटा विद्यालयहरूलाई पनि अवलोकनका लागि निमन्त्रणा गरिएको थियो । विद्यालयकै साइन्स एण्ड रोबोटिक्स क्लबको संलग्नतामा प्रदर्शनी भएको उनले जानकारी दिए ।

अवलोकनकर्ताहरूलाई दिगो विकासको बारेमा जानकारी गराउन प्रदर्शनीमा सोही विषयसँग सम्बन्धित सामग्रीहरू राखिएको शर्माले बताए । २०७६ सालमा स्थापना भएको अङ्कुरम् एकेडेमीले हरेक वर्ष विज्ञान दिवसका दिन विज्ञान प्रदर्शनी गर्ने गरेको शर्माले बताए ।

यस पटकको विश्व विज्ञान दिवसको नारा "दिगो विकासका लागि आधारभूत विज्ञान" रहेको छ ।

# टि-ट्वान्टी विश्वकपमा भारतलाई पाखा लगाउँदै इंग्ल्याण्ड फाइनलमा

**एडिलेड, २४ कात्तिक**

आइसीसी टि-ट्वान्टी विश्वकपको फाइनलमा इंग्ल्याण्ड र पाकिस्तानबीच प्रतिस्पर्धा हुने भएको छ । बिहीबार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा भारतलाई १० विकेटले हराउँदै इंगल्याण्ड तेस्रो पटक टि-ट्वान्टी विश्वकपको फाइनल प्रवेश गरेको हो ।

मैदानमा भारतले दिएको १६९ रनको लक्ष्य इंग्ल्याण्डले कुनै पनि विकेट नगुमाई १६ ओभरमा भेट्टायो । उसका लागि ओपनरद्वय एलेक्स हेल्स र जोस बट्लर दुवै अविजित रहेर क्रमश: ८६ र ८० रन बनाए । यी दुईले पहिलो विकेटका लागि कीर्तिमानी १७० नट आउट रनको साझेदारी गरे । उक्त रन टि-ट्वान्टी विश्वकपमा कुनै पनि विकेटका लागि भएको सर्वाधिक ठूलो साझेदारी बन्यो । हेल्स प्लेयर अफ दि म्याच रहे । भारतले ६ जना बलर प्रयोग गरेका कसैले पनि विकेट लिन सकेनन् ।

यसअघि हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १६८ रनको योगफल खडा गरेको थियो । उसका विराट कोहलीले ५० र हार्दिक पाण्डेयले ६३ रन बनाए । बलिङमा इंग्ल्याण्डका तर्फबाट क्रिस जोर्डनले ३ तथा क्रिस वोक्स र अदिल रसिदले १-१ विकेट लिए ।

विश्वकपको फाइनल खेल आउँदो आइतबार खेलिने छ । पाकिस्तान र इंग्ल्याण्ड दुवैले यसअघि १-१ पटक टि-ट्वान्टी विश्वकप जितिसकेका छन् । पाकिस्तानले सन् २००९ को विश्वकप जितेको हो भने इंग्ल्याण्ड २०१० को च्याम्पियन हो ।

# सिकलसेल रोगको अनुसन्धान गर्छु : डा. अधिकारी

**कायाकैरन संवाददाता**
**माडी, २४ कात्तिक**

प्रतिनिधिसभा चितवन क्षेत्र नम्बर ३ का उम्मेदवार डा. भोजराज अधिकारीले थारू जातिमा हुने सिकलसेल एनिमिया रोगको अनुसन्धान गर्ने बताएका छन् । थारू समुदायमा मात्रै यो रोग देखिन्छ । यसअघि केन्द्रीय स्वास्थ्य अनुसन्धान परिषदमा रहँदा बाँके, बर्दियामा आफूले सो रोगको अध्ययन गरेको उल्लेख गर्दै उनले चितवनमा समेत अनुसन्धान गर्ने बताएका हुन् ।

'म स्वास्थ्य परिषद्को उपाध्यक्ष थिएँ, त्यो समयमा बाँके, बर्दियाका थारू समुदायमा मात्रै सिकलसेल एनिमिया भन्ने भाइरस देखियो', चुनावी सभालाई सम्बोधन गर्दै डा. भोजराजले भने, 'त्यही समयमा चितवनका थारू समुदायमा समेत यो आवश्यक देखेर अनुसन्धान गर्ने निर्णय गरियो, अब अनुसन्धान सुरु हुन्छ ।' स्वास्थ्य क्षेत्र स्वभाविक रूपले नै प्राथमिकतामा परेको उनले बताए ।

माडीका स्वास्थ्य र शैक्षिक संस्था सुधार गर्न पहल गर्ने उनको जोड छ । बघौडा अस्पताललाई विशिष्टिकृत अस्पतालका रूपमा अघि बढाईने उनले बताए । थारू समुदायको सम्मान हुने गरि योजना बनाउने उनले बताए ।

लोकतान्त्रिक-बाम गठबन्धन अन्तर्गत प्रदेशसभा ३ (२) का उम्मेदवार ठाकुरप्रसाद ढकालले रेवा खोला तटबन्ध गर्न पहल गर्ने बताएका छन् । उनले शिवद्वारबाट सौराहा पर्यटन मार्ग बनाउन योजना अघि बढेको ढकालले बताए । नागरिकताविहीन समुदायसँगको भेटघाटमा उनले जन्मका आधारमा नागरिकता दिने विषय चाँडै समाधान हुने प्रतिबद्धता व्यक्त गरे ।

**स्वतन्त्र उम्मेदवारको समर्थन**

प्रतिनिधिसभातर्फ चितवन क्षेत्र नम्बर ३ का स्वतन्त्र उम्मेदवार बासुदेव सापकोटाले डा. भोजराज अधिकारीलाई समर्थन गर्दै आफ्नो उम्मेदवारी निष्क्रिय बनाएका छन् ।

सापकोटाले समयको माग र परिस्थिति तथा जनताको चाहनालाई मध्यनजर गरेको भन्दै लोकतान्त्रिक बामगठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका चितवनका फिजिसियन डा.भोजराज अधिकारीलाई समर्थन गरी आफ्नो उम्मेदवारी निष्क्रिय भएको घोषणा गरेका हुन् ।

उम्मेदवारी निष्क्रिय पारेसँगै सापकोटाले आफ्ना शुभचिन्तक एवं मतदाताहरुलाई डा. अधिकारीलाई विजयी गराउन अनुरोध पनि गरेका छन् । माडी-४, खैरहनी निवासी युवा स्वास्थ्यकर्मी सापकोटा सिरिन्ज चिन्हमा स्वतन्त्र उम्मेदवार रहेका थिए ।

# कांग्रेस नेता सापकोटाको निधन

**कायाकैरन संवाददाता**
**गैंडाकोट, २४ कात्तिक**

नेपाली कांग्रेसका पुराना नेता तिलकप्रसाद सापकोटाको निधन भएको छ । बाग्लुङहुँदै नवलपरासी आएर राजनीतिक तथा सामाजिक गतिविधिलाई निरन्तरता दिँदै आएका नेता सापकोटाको बुधबार भरतपुरस्थित सेन्ट्रल अस्पतालमा निधन भएको हो ।

८० वर्षीय सापकोटा लामो समयदेखि श्वासप्रश्वासको समस्याबाट ग्रसित थिए । स्वास्थ्य प्रतिकूल हुँदै गएपछि सापकोटालाई मंगलबार अस्पताल भर्ना गरिएको थियो । राजनीतिक अभियोगमा २०४० सालदेखि रुपन्देही र पाल्पाका जेलमा ४ वर्ष बन्दी जीवन बिताएका सापकोटा नेपाली कांग्रेसमा २०१५ सालदेखि सक्रिय थिए । सापकोटाले जननेता बीपी कोइरालाबाट नेपाली कांग्रेसको सदस्यता लिएका थिए ।

सापकोटाले गैंडाकोटमा कालिका संस्कृत विद्यापीठ, कालिका माध्यमिक विद्यालय, गैंडाकोट नहर परियोजना, विजय विकास स्रोत केन्द्रको स्थापना गर्नमा अग्रणी भूमिका निभाएका थिए । देवघाट क्षेत्र विकास समितिलाई व्यवस्थित र सेवासुविधायुक्त बनाउन पनि सापकोटाले विशेष पहल गरेका थिए ।

२०३६ सालको जनमतसंग्रहमा बाग्लुङमा बसेर बहुदलको पक्षमा माहोल बनाएपछि सापकोटा राज्यसत्ताको तारो बनेका थिए । राजनीतिक यात्रामा उनले २०२८ सालपछि बाग्लुङ र नवलपरासी जिल्लाको पार्टी सचिवका रूपमा काम गरेका थिए ।

नेपाली कांग्रेसले सधैं उपेक्षा गरेका स्वतन्त्र सेनानीका रुपमा चिनिने सापकोटाले २०४० सालदेखि निरन्तर लेखिरहेको दैनिकीको संस्मरण कृति 'यात्रा निरन्तर' सांग्रिला बुक्सले गत वर्ष प्रकाशित गरेको थियो ।

२०२८ सालमा बाग्लुङको जैमिनी नगरपालिका (साबिक दमेक गाविस) बाट बसाइँसराइ गरि गैंडाकोट-८ स्थित विजयनगर आएर स्थायी बसोबास गरेका थिए ।

२००१ सालमा बाग्लुङमा जन्मिएका सापकोटाका २ श्रीमती तथा ७ छोरा र ४ छोरी छन् ।

# भरतपुर-पदमपुर सडकखण्ड पिच गरिदिने श्रेष्ठको वाचा

**भरतपुर, २४ कात्तिक (कायाकैरन)**

चितवन निर्वाचन क्षेत्र नम्बर २ तर्फ गठबन्धनबाट प्रतिनिधि सभा सदस्यका उम्मेद्वार उमेश श्रेष्ठले निर्वाचन पछि भरतपुर-पदमपुर सडकखण्ड पिच गरिदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

घरदैलो अभियानका क्रममा मतदातालाई सम्वोधन गर्दै उनले यस्तो वाचा गरेका हुन् । भरतपुर-पदमपुर सडकखण्डको अवस्था बिजोग छ । पिच भत्किएर बाटोमा खाल्डाखुल्डी छन् भने धुलो पनि उत्तिकै उडिरहन्छ ।

सडकको अवस्था बिजोग हुँदा पदमपुर बासीले सास्ती खेप्नुपरेको छ । जंगलको बाटो भएकाले पनि उक्त सडक मर्मत न गरी न हुने अवस्थामा छ । यहाँका जनताले निकै दु:ख पाएका रहेछन् भन्दै उम्मेदवार श्रेष्ठले निर्वाचन लगत्तै बाटो पिच गरिदिने घोषणा गरेका हुन् ।

बाटोसँगै कालिका नगरपालिकाका आम समस्या समाधान गर्न आगामी निर्वाचनमा रुख चिन्हमा मतदान गरी आफूलाई विजयी गराउन उनले अपिल गरेका छन् । उमेश श्रेष्ठको उक्त वाचापछि पदमपुरका स्थानीयहरु श्रेष्ठलाई जिताउनु पर्छ भन्दै स्वस्फूर्त रूपमै घरदैलो गर्दै हिँडेको पाइएको छ ।

## कर्मचारी आवश्यकता

Thakali Cook- 3
Waiter- 5
Cleaner - 3
Dishwasher - 2
Cook helper -4

**इन्द्रेणी चुलो**
भरतपुर-२९, दासढुङ्गा, चितवन
सम्पर्क:
शिव अधिकारी, ९८४५७२१७१७, ९८५५०६६८०४




"तपाईंले खोजेजस्तै, रोजे जस्तै साईकल पाइने एकमात्र ठाउँ"
**डि.आर. साईकल स्टोर्स**
चितवनकै पहिलो विदेशी ब्राण्डेड साइकलहरु पाइने ठाउँ
World's No. 1
GIANT
RIDE LIFE. RIDE GIANT.



FURY SHIMANO SMART
Branded Cycles Sales, spare parts & service in your own city
शहीदचोकदेखि २५० मिटर अगाडि बेलचोक जाने बाटोमा आफ्नै निवासबाट सेवा प्रदान
D.R.CYCLE STORES
संगमरोड, नारायणगढ, चितवन
फोन: 056-596424 मो.: ९८५५०६१४२४
www. facebook.com/D.R. CycleStores

# भूमिहीनका लागि सधैँको चुनावी आश्वासन 'लालपुर्जा'

**चितवन, २४ कात्तिक (रासस)**

वर्षौंदेखि सार्वजनिक र वनको जमिनमा बस्दै आएका यहाँका भूमिहीन र अव्यवस्थित बसोबासीका लागि सधैँको चुनावी आश्वासन जग्गा धनी प्रमाण पूर्जा (लालपुर्जा) हुने गरेको छ ।

जिल्लामा रहेका भूमिहिन सधैँ आश्वासनका भरमा मतदान गर्न बाध्य हुँदै आएका छन् । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मा पनि यस्ता आश्वासन आउने गरेको उनीहरुको गुनासो रहेको छ । लालपुर्जा दिने प्रतिबद्धतासँगै कार्यान्वयन गर्ने व्यक्तिलाई मतदान गर्ने जिल्लाका भूमिहीन एवं अव्यवस्थित बसोबासीले बताएका छन् ।

जिल्लामा अहिले जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा)को माग गर्दै ४३ हजार दुई सय ८४ जनाले निवेदन दिएका छन् । उनीहरुले आफूहरुको व्यवस्थित बसोबास गर्ने गरी व्यवस्था गर्ने उम्मेदवार रोज्ने जनाएका छन् । उम्मेदवारहरु मत माग्न आउँदा समस्या समाधानका लागि माग गरिएको नेपाल बसोबास बस्ती संरक्षण समाजका जिल्ला अध्यक्ष छविलाल देवकोटाले बताए । उनका अनुसार सुकुम्बासी र अव्यवस्थित बसोबासी समस्या समाधान गर्ने सरकारको चाहान उनीहरुमा रहेको छ । उनले भने, "जसले हामीलाई पुर्जा दिन्छ उसलाई हामी भोट दिन्छौँ ।" अहिलेसम्म जिल्लाका एक सय ७८ जना भूमिहीनले जग्गा प्राप्त गरेको उनले जानकारी दिए ।

भरतपुर महानगरपालिका-११ का भूमिहीन होमनाथ अधिकारी अहिले जग्गाको आसमा हुन् । उनी सार्वजनिक जग्गामा बसेको ३५ वर्ष भयो । उनले अहिलेसम्म आफ्नो नाममा जग्गा धनी प्रमाण पुर्जा पाउन नसकेको दुःखेसो व्यक्त गरे । उनले भने, "हामीलाई सधैँ निर्वाचन भोट माग्ने मुद्दा मात्रै बनाइयो ।" भूमिहीनका मुद्दा लिएर निर्वाचन जित्ने तर पछि बेवास्ता गर्ने दल र उनका उम्मेदवारभन्दा काम गर्ने उम्मेदवार रोज्ने उनको भनाइ छ ।

माडीको बाँदरझुलामा बस्दै आएका रामबहादुर स्याङ्तान आश्वासनको भारीले थाकेको बताए । उनले भने, "आश्वासन मात्रै पाइयो काम हुन सकेन ।" जग्गा धनी प्रमाण पुर्जा दिन्छु भन्ने धेरै आएको गुनासो गर्दै उनले समस्या समाधानका लागि कसैले पनि काम गर्न नसकेको बताए । उनले भने, "सुकुम्वासी समस्या दलका नेतालाई मागी खाने भाँडो भएको छ ।"

खैरहनी नगरपालिकाका भूमिहीन विक्रम महतोको गुनासो पनि उस्तै छ । "अहिले निस्सासम्म पाइएको छ अब के हुने हो थाहा छैन", उनले भने । जिल्लाका अधिकांश भूमिहीन तथा अव्यवस्थित बसोबासीका समस्या यही रहेको बताउँदै उनले भने, "सरकार परिवर्तनसँगै हुने आयोगको परिवर्तनले हाम्रो समस्या समाधान हुन सकेन ।"

सरकार परिवर्तनसँगै बन्ने आयोग र आयोगले गरेका कामले पूर्णता नपाउँदा हुने विगठनले समस्याको निकास नपाउने गरेको उनको भनाइ छ । भरतपुर-११ गणेशस्थान पुगेका क्षेत्र नं २ का सङ्घीय सांसद पदका उम्मेदवार कृष्णभक्त पोखेल, उमेश श्रेष्ठ र रवि लामिछानेले सुकुम्बासी समस्या समाधान गर्ने आश्वासन दिएका छन् । उनीहरु सबैको दाबी छ, आफ्नो दलले जितेमा जग्गाधनी प्रमाणपूर्जा दिन्छौँ ।

भरतपुरका आँपटारी, शारदानगर, गुञ्जनगर र गीतानगर तथा कालिका नगरपालिकाको जुटपानी, रत्ननगर र खैरहनी एवं राप्ती नगरपालिकामा रहेका भूमिहीनको समस्या उस्तै छ । यता माडी नगरपालिकाका बाँदरझुला र देवेन्द्रपुरमा बस्ने भूमिहीनको समस्या पनि एउटै छ । समस्या समाधानको आशमा रहेका भूमिहिन कसलाई मत दिने भन्ने दोधारमा रहेका छन् ।

क्षेत्र नम्बर १ मा सुरेन्द्र पाण्डे, डा विश्व पौडेल र हरि ढकाल तथा क्षेत्र नं ३ मा डा भोजराज अधिकारी, विक्रम पाण्डे र दिनेश कोइरालाले अहिले भूमिहीनको समस्या समाधान गर्ने आश्वासन दिँदै मत मागिरहेका छन् । त्यसो त अन्य उम्मेदवारका मुद्दा पनि सुकुम्बासीलाई जग्गा नै रहेको छ । हरेक निर्वाचनमा आश्वासन बाँड्ने तर कार्यान्वयन नहुने हुँदा सुकुम्बासी निरास छन् । ती बस्तीमा भोट प्रभावमा पार्न आर्थिक चलखेल हुने गरेको गुनासोसमेत सुन्ने गरिन्छ ।

# माडीवासीको जीत हुने गरी काम गर्नें छु : पाण्डे

**कायाकैरन संवाददाता**
**माडी, २४ कात्तिक**

राप्रपाका वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डेले माडीवासीको जीत हुने गरी काम गर्ने बताएका छन् । चुनावी प्रचारप्रसारको क्रममा माडी आइपुगेका नेता पाण्डेले वडा नं. ८ स्थित इन्द्रबस्तीमा भएको चुनावी सभालाई सम्बोधन गर्दै माडीलाई देशकै नमुना क्षेत्र बनाउने योजना लिएर चुनावी अभियानमा होमिएको बताएका हुन् ।

माडीका सबै ठाडा खोलामा तटबन्धन, सुख्खा जमिनमा सिंचाइको व्यवस्था र सडकलाई कालोपत्रे बनाएर माडी छाडेर बाहिर गएका माडीवासीलाई पनि माडीमै फर्काउन मन लाग्ने गरी काम गर्ने बताए । कृषि क्षेत्रमा उत्पादन बढाउन हरेक किसानको खेतमा सिंचाइ र बाटोको सहज पहुँच आवश्यक रहेकोले त्यसतर्फ पनि ध्यान गएको उनको भनाइ छ ।

'कमसेकम कसैले घर कहाँ हो भनेर सोधे पनि गर्वका साथ चितवनको माडी हो भन्ने अवस्था सिर्जना गरिदिन्छु,' उनले दाबीका साथ भने, 'अहिलेको चुनावमा मलाई जिताउनु भनेको पाँच वर्षपछि माडीवासीको जीत हुनु हो ।'

# ओलीले मैदान खाली गराउँदा हामीलाई फाइदा : ढकाल

**कायाकैरन संवाददाता**
**माडी, २४ कात्तिक**

चितवन क्षेत्र नम्बर ३ (२) का प्रदेशसभा उम्मेदवार ठाकुरप्रसाद ढकालले चितवन ३ मा केपी शर्मा ओलीले मैदान खाली गराएर वामलोकतान्त्रिक उम्मेदवारहरुलाई सहयोग गरेको बताएका छन् ।

माडीको बसन्तपुरमा भएको चुनावी सभालाई सम्बोधन गर्दै नेता ढकालले देशका सबै पूर्वाधारहरुको विकास गर्न सक्ने सक्षम युवा डा. भोजराज अधिकारी भएको हुँदा ओलीले रामप्रसाद न्यौपानेको उम्मेदवारी फिर्ता गराएको बताएका हुन् । दुईपटक गाविस अध्यक्ष हुँदा र एक पटक संस्थापक नगर प्रमुख हुँदा आफूले थुप्रै विकासका योजना अगाडि सारेको र विकास गरेको हुँदा जनताले विजयी गराउने बताए ।

ढकालले निकुञ्जका कारण जनताको समस्या स्मरण गर्दै विगत लामो समयदेखि आजसम्म निरन्तर लाग्दै आइरहेको जिकिर गरे । उनले सम्बोधनका अन्त्यमा म फेरि एकपटक जनताका समस्या समाधान गर्छु भनेर आएको हुँ तर तपाईंहरु तैँले सक्दैनस् भन्नुहुन्छ भने जसलाई जिताउन मन लाग्छ उसैलाई मत दिनु, मेरो यसमा भन्नु केही छैन भन्ने अभिव्यक्ति दिएका थिए ।

# विज्ञानको आवश्यकता समाजका लागि

– डा सुनिलबाबु श्रेष्ठ –

उपकुलपति नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)

सामाजिक आर्थिक रुपान्तरणमार्फत मुलुकलाई समृद्ध बनाउन विज्ञान र प्रविधिको अहम भूमिका रहेको तथ्य सर्वस्वीकार्य छ । राष्ट्रको सर्वाङ्गीर्ण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकसित राष्ट्रहरुको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ ।

जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ । नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन । राज्यको सर्वाङ्गीण विकासको गतिलाई तीव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको समुचित उपयोग गर्नसक्ने क्षमताको अभिवृद्धि गर्नु जरुरी देखिन्छ । वैज्ञानिक ज्ञानको प्रयोगले गुणस्तरीय जीवन प्राप्ति भएको उदाहरण संसारका विज्ञान र प्रविधि क्षेत्रमा अग्रणि मुलुकहरुको विकसित स्थितिबाट प्रष्ट हुन्छ । नेपालको संविधानले पनि वैज्ञानिक अध्ययन अनुसन्धानमार्फत दिगो विकासमा लक्ष्यहरु प्राप्त गर्न जोड दिइएको छ ।

विसं २०७६ मा ल्याइएको राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीतिलेसमेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरीतिलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको पाइन्छ । यस सन्दर्भमा नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानले स्थापनादेखि निरन्तररुपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सूसुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ । विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरुबीच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ । नास्टको चार दशकको इतिहासमा पछिल्लो समय विभिन्न कार्यक्रममा जोड दिएको छ ।

**समाजका लागि विज्ञान:** नास्टले आफ्ना गतिविधिहरु समाज केन्द्रित गरेर अगाडि बढिरहेको छ । जनताको आवश्यकता र समाज परिवर्तनका लागि वैज्ञानिक अध्ययन र क्रियाकलापहरु सञ्चालनमा विशेष जोड दिइएको छ । च्याउसम्बन्धी अध्ययन अनुसन्धान होस् या सुन्तला खेतीमा लाग्ने रोग पत्ता लगाउने अनुसन्धान होस् समाजका समस्याको समाधानमा केन्द्रित गर्दै अध्ययन अनुसन्धान भइरहेको छ । विश्लेषणात्मक सेवा केन्द्रमार्फत जीवनका हरेक आवश्यक विश्लेषणात्मक कार्यमा जनतालाई सेवा पुऱ्याउने कार्यमा विज्ञानमा आधारित भई आफ्नो सङ्काय र केन्द्रहरु स्थापना गरिएका छन् ।

**सङ्घीयता कार्यान्वयन :** मुलुकले सङ्घीय संरचना धारण गरेपछि आफ्नो क्रियाकलाप केन्द्रमा मात्र सिमित नराखी नास्टले पनि आफ्नो गतिविधि सञ्चालन गरेको छ । हाम्रोजस्तो विकाशोन्मुख मुलुकमा विज्ञान र प्रविधिको विकास अपरिहार्य भएकाले सातवटै प्रदेशमा विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गरी विज्ञानलाई गाउँस्तरसम्म पुऱ्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । प्रदेश नं. १ मा खाद्य र कृषि, मधेश प्रदेशमा चुरे संरक्षण र विकास, वाग्मती प्रदेशमा शहरी संरक्षण र वातावरण, गण्डकी प्रदेशमा पर्वतीय हरित अर्थतन्त्र, लुम्बिनी प्रदेशमा परम्परागत प्रविधि, कर्णाली प्रदेशमा सूचना र सञ्चार, सुदूरपश्चिम प्रदेशमा जडीबुटीसम्बन्धी अध्ययन अनुसन्धान कार्य गर्ने गरी विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गर्न नियमावलीको साथ कार्य अगाडि बढाएको छ । शहरहरुको दिगो विकासलाई ध्यान राख्दै हरियाली र खाद्य आत्मनिर्भरतर्फ उन्मुख शहर विकास गर्ने खाद्य हरियाली सहर कार्यक्रम र गाउँ/पालिकाहरुलाई वैज्ञानिक चेतनासहित सामाजिक आर्थिक रुपान्तरणमा सहयोग पुग्ने ढङ्गको वैज्ञानिक गाउँ कार्यक्रमहरु सञ्चालन भइरहेको छ । नास्टले सङ्घ, प्रदेश र पालिका तहसम्म आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गबाट सञ्चालनमा ल्याएको छ ।

**सिर्जनशीलता :** नास्टले आफ्ना गतिविधि सञ्चालन गर्दा सिर्जनशीलतामा जोड दिएको छ । नास्ट अवस्थित सातदोबाटोदेखि गोदावरीसम्ममा करिब ११ किमी सडकका वरिपरि रहेका वैज्ञानिक सङ्घसंस्थासँग सहकार्य गरी विज्ञान सहरको अवधारणा विकास गरेको छ । यसबाट विज्ञान र प्रविधिप्रति रुचि सर्वसाधारण र विद्यार्थीमा बढाउन एवं विज्ञान प्रविधिसम्बन्धी जानकारीमूलक भ्रमण गर्ने अवसर प्राप्त हुन्छ । नास्टले आफ्नो हाताभित्र विज्ञान र प्रविधि र नवप्रवर्तन पार्क छोटकरीमा विज्ञान पार्कको अवधारणा विकास गरी कार्य अगाडि बढाएको छ ।

आफूले दिइरहेको सेवालाई एकीकृत गरी सहज र प्रभावकारी ढंगबाट सर्वसाधारण, संघसंस्थालाई विश्लेषणात्मक सेवा एकै ठाउँबाट दिन विश्लेषणात्मक सेवा केन्द्रको थालनी नास्टले गरेको छ । यस्तै कला र विज्ञानलाई जोडी अझ जनस्तरमा बुझाई वृद्धि गर्न, सचेतना जागरण गर्ने खालको कार्यक्रम सञ्चालनमा ल्याएको छ । समाजमा भएका घटना र समस्याको वैज्ञानिक सामाधानका लागि छिटोछरितो अध्ययन गरी जनताका समस्यालाई सामाधान प्रदान गर्न सहयोग पुग्ने गरी 'द्रूत अवलोकन अध्ययन टोली' निर्माण गरी यस्ता कार्यलाई बढवा दिने सिर्जनशील संयन्त्रहरुको विकास गरेको छ । समाजको समस्यालाई परिणाममुखी अनुसन्धानमार्फत समाधान दिनेतर्फ सिर्जनशील भई अध्ययन अनुसन्धानमा लाग्न वैज्ञानिक जनशक्तिलाई विशेष जोड दिइएको छ ।

**सहकार्य र समन्वय:** विज्ञान प्रविधि क्षेत्रको कार्य अन्तरसम्बन्धित भएको हुँदा विभिन्न सङ्घसंस्थाबीच सहकार्य र समन्वयमा मात्र सम्भव छ । एकल संस्थाको प्रयासबाट मात्र सफलता प्राप्त गर्न कठिन हुने हुन्छ । नास्टले यस कुरालाई मनन गरी राष्ट्रिय, अन्तराष्ट्रिय सङ्घसंस्थासँग सहकार्य र समन्वयन गरी आफ्नो गतिविधि सञ्चालित गरिरहेको छ । पछिल्लो चार वर्षमा करिब चार दर्जन सरकारी, गैरसरकारी, विभिन्न स्थानीय तह, मन्त्रालय, अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समझदारीपत्र र सम्झौतापत्रमा हस्ताक्षर गरी सहकार्य र समन्वयमा वैज्ञानिक गतिविधिहरु अगाडि बढाएको छ ।

**सीमारहित विज्ञान/विज्ञान कुटनीति:** विज्ञान र प्रविधिको कुनै सीमा हुँदैन । एक ठाउँको अनुसन्धान र आविस्कार अर्को ठाउँमा सजिलै उपलब्ध र उपयोगी हुने हुँदा विकासको गति विश्वमा अद्भूत रुपमा भैरहेको छ । नास्टले पनि विज्ञान कुटनीतिमा विश्वास राखी विज्ञान कुटनीतिलाई प्रयोग गरी नास्टको समुन्नति र विज्ञान प्रविधि क्षेत्रका विकासमा अग्रसर हुने खालको गतिविधिलाई बढवा दिँदैछ । कोरिया सरकारको एनआइए संस्थाको सहयोगमा नास्टस्थित इन्फरमेशन एक्सेस सेन्टर स्थापना गरी सूचना र सञ्चारसम्बन्धी ज्ञान विद्यार्थी र इच्छुकहरुलाई दिँदै आइरहेको छ । नाम एस एण्ड टि सेन्टरको सहयोगमा वैज्ञानिक क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अगाडि बढिरहेको छ । चीनको कृषि तथा वन विश्वविद्यालय फूजियानसँग समझदारीपत्रको माध्यमबाट नेपालमा उपयोगी हुने जुन्काऊ प्रविधि हस्तान्तरण गर्ने कार्य अगाडि बढाइएको छ ।

**वैज्ञानिक समावेशीता :** नास्टले आफ्नो गतिविधि सञ्चालन गर्दा समावेशीतालाई विशेष ध्यान दिएको छ । युवा वैज्ञानिक फोरम र महिला वैज्ञानिक फोरम स्थापना गरी युवा र महिला वैज्ञानिकको क्षमता अभिवृद्धि गर्ने र युवा एवं महिला वैज्ञानिक र प्राविधिकलाई सहयोग र प्रोत्साहन गर्ने खालका गतिविधिहरु सञ्चालनमा नास्टले सहयोग पुऱ्याउँदै आएको छ । विज्ञान विषयका विद्यार्थीदेखि शिक्षकसम्म युवा नवप्रर्वतनदेखि विश्वविद्यालयका अनुसन्धान कर्तासम्मलाई विभिन्न ढंगबाट सहयोग पुऱ्याउँदै आएको छ । विभिन्न संस्थागत प्रतिनिधित्व हुने गरी १६ वटा उपसमितिहरुमार्फत नास्टका गतिविधिमा सहभागी हुने अवसर पनि प्रदान गरिएको छ ।

**संस्थागत समुन्नति :** नास्टले आफ्नो समुन्नतिमा पनि ध्यान दिँदै विज्ञान प्रविधि क्षेत्रको विकासमा जोड दिँदैछ । अनुसन्धान कार्यलाई बढवा दिन एनिमल हाउस एवं बायोमेडिकल रिसर्च सेन्टरको भवन निर्माण कार्य सातदोबाटोस्थित केन्द्रीय कार्यालयको हाताभित्र सुरुआत गरिएको छ । रासस













कायाकैरन मिडिया नेटवर्क प्रा.लि., भरतपुर-३ (चितवन साहित्य परिषद् भवन), नारायणगढ । (जि.प्र.का.द.नं.०६६/०६३/०६४, चि.जि.हु.का.द.नं.७/०६४/०६५) । फोन: ०५६-५३३१६६ । E-mail:kayakairanchitwan@gmail.com, Website:www.kayakairan.com । अध्यक्ष: लक्ष्मीकुमारी कँडेल (शिरिषा) । प्रबन्ध निर्देशक: लेखराम सापकोटा । प्रधान सम्पादक: सूर्यप्रकाश कँडेल । सम्पादक: विनोदबाबु रिजाल । संस्थापक सम्पादक: दिनेशकुमार थपलिया

# राज्यमन्त्री उमेश श्रेष्ठको पहिलो चुनावी अनुभव



## चुनाव चर्चा

'चण्डीभञ्ज्याङमा छु । निक्कै विकट रहेछ । आज भेट्न सम्भव होला जस्तो भएन ।'

पहिलो पटक निर्वाचन क्षेत्रको घुमाइका क्रममा उमेश श्रेष्ठ चितवनको दुर्गम भेगतिर पुगेका रहेछन् । न गतिलो बाटो। न विकासका कुनै बलिया पूर्वाधार । उनले पहिलो पटक तिनै दृश्यहरु देखिरहेका थिए जुन सायदै कल्पना गरेका थिए ।

चितवन क्षेत्र नम्बर २ मा प्रत्यक्ष तर्फबाट उम्मेदवार भएपछि उमेश चितवनको पहाडी बेल्टतिर उक्लिएका रहेछन् । त्यहाँका मानिसको अवस्था बुझ्न उनका लागि गज्जबको मौका बनेको छ आसन्न निर्वाचन । र, त्यहाँको एकएक मतको महत्व कति छ उनले जति अरुले बुझ्ने कुरा पनि भएन ।

हामीसँगको भेट अनिश्चित भएसँगै हामी चितवनका अन्य क्षेत्र र नवलपरासीतिरको यात्रामा लाग्यौं । फर्किंदा उनीसँग हाम्रो भेट हुने तय थियो । भेट्नुका केही उद्देश्य थिए, शिक्षा र अन्य व्यवसायिक क्षेत्रमा बलियो 'दबदबा' कायम गरेका र मन्त्रीको हैसियतमा रहेका उनको पहिलो चुनावी अनुभव अरुभन्दा फरक हुनु स्वाभाविक थियो । भोजपुरबाट ललितपुरमा व्यवसायिक जग गाढेपछि चितवनतिर हानिएका उनी दुई चर्चित उम्मेदवारसँग आमनेसामने हुँदै छन्, कृष्णभक्त पोखरेल र रवि लामिछाने । कानुनी पृष्ठभूमि, मृदुभाषी र लगातार जित हासिल गरेका पोखरेल आफैंमा बलियो दाबेदार हुन् । मिडियाको आडमा रवि एकाएक उदाएका अर्का प्रभावशाली उम्मेदवार ।

'अहिले नै आइहाल्नुस् न फार्म हाउसमा ।'

भेटका लागि बिहानको ६ बजे नै खबर मिल्यो। नारायणी किनाराबाट हामी लाग्यौं कल्याणपुरतिर ।

'उमेश श्रेष्ठको घर कता होला ?'

भरतपुर महानगरपालिकाको कल्याणपुरमा पुगेपछि उनको चुनावी अड्डा फेला पार्नु थियो । सजिलो उपाय थियो उनको स्कुलमा जाने र बुझ्ने । चितवनको चर्चित स्मल हेभन माध्यमिक विद्यालयका सुरक्षा गार्डलाई सोध्यौं । हामीलाई लागेको थियो उमेशको बसाईबारे उनलाई थाहा छ । तर विद्यालयका संस्थापकको फार्म हाउसबारे उनलाई थाहा रहेनछ ।

'यता नजिकै गाई फार्म भन्ने सुनेको छु । ठ्याक्कै त मलाइ पनि थाहा भएन ।'

गीतानगरको नवदुर्गा मन्दिर चोकबाट गाई फार्मतिरको बाटो समात्नुपर्ने स्थानीयले सुझाए । गाई फार्ममा चुनावी क्याम्पेनिङको कार्यालय रहेछ ।

फार्म हाउसको बाहिरबाटै चारतारे झन्डा, गेट खुला । भित्र छिर्नासाथ देख्यौं, १२-१५ वटा गाडी । मानिसको बाक्लै उपस्थिति । उमेशसँग भेटका लागि प्रतीक्षा गर्नेहरु समूह समूहमा । केही मानिस घर अगाडि घाम तापेर गफिँदै गरिरहेका । बरन्डामा अर्को समूह ।

मन्त्री भएकाले हुनुपर्छ घर अगाडि राष्ट्रिय झन्डा ।

हामी पुगेको जनाउ दियौं । भित्र एउटा समूहसँग उनी छलफलमा व्यस्त थिए । चुनावी रणनीति बनिरहेको थियो सायद ।

समानुपातिक सांसद रहिसकेका उमेश श्रेष्ठको राष्ट्रिय पहिचान शिक्षा र सफल व्यवसायीका रुपमा स्थापित छ । ७ हजारभन्दा धेरै विद्यार्थी रहेको लिटल एन्जेल्समा उनी ३० वर्ष प्रिन्सिपल नै रहे । निजी विद्यालयको संगठन प्याब्सनको नेतृत्वमा गएसँगै राजनीतिमा मिलेको 'एक्सपोजरुलाई यसपाला उनले पक्कै चुनावमा प्रयोग गर्नेछन् । प्रत्यक्ष निर्वाचनको पृष्ठभूमिका लागि कांग्रेसको महाधिवेशनदेखि नै उनको तयारी थियो । नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा जित निकालेर चुनावी मैदानमा होमिएका हुन् उनी । उनको व्यवसायिक खातामा निजी स्कुलका अलावा होटल, बैंक, जलविद्युत लगायतका क्षेत्रहरु छन् ।

उनको व्यवसायिक हैसियतको चिनारी उनको फार्म हाउसले चित्रित गरिरहेको थियो । बगैंचा, स्विमिङ पुल र त्यहाँको साजसज्जाले उनलाई काठमाडौंसँगै चितवनमा गहिरोसँग स्थापित व्यवसायी भन्ने चिनाइरहेको थियो ।

'भिडियो पनि हो ? त्यसो हो भने बाहिर नै ठीक होला ।'

हामीले उनको स्विमिङ पुल नजिकै रेकर्ड गर्ने योजना बनाएका थियौं, उनले सहजै त्यसमा साथ दिए ।

'३२ वर्षअघि किनेको ठाउँ हो । यो स्ट्रक्चरचाहिँ पछि बदलेको हो' अन्तर्वार्ताका लागि तयार हुँदै गर्दा नसोधेको प्रश्नको जवाफ मिल्यो ।

उनको फार्म हाउसभित्र छिर्दा नै हामीले एउटा स्तरीय रिसोर्टसँग तुलना गरिसकेका थियौं । यस क्षेत्रबाट लगातार जित हासिल गर्दै आएका कृष्णभक्त पोखरेलले हामीसँग भनेका थिए, 'जनताले जतिखेर पनि भेट्न सक्ने नेतालाई भोट हाल्छन् । उहाँहरुलाई भेट्ने कहाँ हो ? स्थायी बसोबास कहाँ हो ?'

हामीले उनको प्रश्नको जवाफ पाइसकेका थियौं यहाँ पुग्दा । तर, चुनावमा जित निकाल्न उमेश श्रेष्ठसामु चुनौतीका पहाड उत्तिकै छन् । कृष्णभक्तको लगातार जित उनका लागि एउटा तगारो हो भने मिडियाबाट उदाएका रवि लामिछाने अर्को ।

'पहिले त अर्को क्षेत्रबाट लड्ने सुनेको थिएँ । तर 'अलअफ सडेन' उहाँ कसरी यो क्षेत्रमा आइपुग्नु भयो थाहा छैन,' उमेशले रविबारे बोले । रवि लामिछाने चितवनको ३ नम्बर क्षेत्रबाट तयारी गरिरहेका थिए । प्रचण्डको नाम पनि ३ नम्बरमै थियो । उमेश त्यसैले २ नम्बर क्षेत्रमा तयार भएका थिए । तर प्रचण्डले ३ नम्बर छाडेसँगै रवि पनि त्यहाँबाट एकाएक २ नम्बरमा आइपुगे । उमेशका लागि रविको उम्मेदवारी स्वाभाविक रूपमा पनि अप्रत्यासित थियो ।

कारण प्रष्ट छ । कोभिड-१९ संक्रमणका समयमा रवि लामिछानेले जनमैत्री अस्पतालमा निःशुल्क उपचार थाले । रविको उक्त कदमका लागि अस्पताल दिने निर्णय गर्ने व्यक्ति थिए उमेश श्रेष्ठ । आफ्नो लगानीको अस्पताल सुम्पिँदा उमेशले कुनै क्रेडिट पाएनन् तर रवि चम्किए । उमेशको बोलीमा रविको कदम 'अलअफ सडन' त्यसै आएको होइन । रविले तयारी गरेको क्षेत्रमा राप्रपाका विक्रम पाण्डे पनि प्रत्यासी छन् । रविका ससुरा उद्धव पौडेल पनि राप्रपाका नेता भएकाले उनको 'मुभ'लाई पाण्डेको उम्मेदवारीसँग जोडेर हेर्नेहरु पनि छन् । एमालेले यस क्षेत्रमा उम्मेदवारी दिएको छैन ।

उम्मेदवारी दिएपछि उमेशले रविसँग सम्पर्क नगरेका होइनन् । तर, अब चुनावमा यी दुईबीच लड्नुको विकल्प छैन ।

हामीले कुराकानी गरिरहँदा फार्म हाउसमा चहलपहल थपिँदै गएको थियो । आउनेलाई व्यवस्थित हिसाबले भेटघाट मिलाउन उनका सहयोगीहरु जुटिरहेका थिए । आएका सबैलाई चिया खाए नखाएको सोध्न पनि भ्याएको देख्दा हामीलाई उमेश परिपक्व 'नेता' बनिसकेको अनुभूति भइरहेको थियो ।

धनी नेता उमेशलाई पनि चुनावी खर्चले भने अत्याएको रहेछ । उनले चुनावलाई खर्चिलो बनाउने काम गलत भएको सन्दर्भ कोट्याए पनि । अनि सुनाए चण्डीभञ्ज्याङमा देखेको स्कुलको बिरहलाग्दो दृश्य । विकासको आधार शिक्षा नै भएकाले उनले त्यसैलाई आफ्नो मूल एजेन्डा बनाएका रहेछन् जुन स्वाभाविक सुनिन्थ्यो । सत्तामा रहेकाले हुनसक्छ उनी केही बढी नै निर्धक्क रुपमा हामीसामु प्रस्तुत भएका थिए । भोजपुरबाट ललितपुरमा व्यवसायिक सफलता हासिल गरेर चितवनमा राजनीतिको पखेटा फैलाउन खोजेका उनी कति सफल होलान् ? उनको एजेन्डा पूरा होला ? प्रतीक्षा गर्नुहोस् ।

*(बिजमाण्डुबाट)*

## श्रेष्ठका एजेण्डा : शिक्षा, रोजगार, उद्यम र पूर्वाधार

चितवन निर्वाचन क्षेत्र नम्बर २ मा सत्ता गठबन्धनबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार उमेश श्रेष्ठले सामुदायिक शिक्षामा आमूल परिवर्तन, रोजगारी, उद्यमशिलता र पूर्वाधारको विकासलाई आफ्नो मुख्य चुनावी एजेण्डा बनाएका छन् । इच्छाकामनाका पहाडहरुमा लघुउद्यम सञ्चालन गरेर यहाँको समग्र आर्थिक विकास र रोजगार सृजना गर्ने उनको प्रतिवद्धता छ ।

श्रेष्ठले पाँच वर्षभित्र चितवन क्षेत्र नम्बर २ अन्तर्गतका सबै क्षेत्रबाट कूल १० हजार युवालाई रोजगारी दिने घोषणा गरेका छन् । चुनाव प्रचारप्रसारका लागि घरदैलो गर्ने क्रममा उनले जनतासामु यस्तो वाचा गरेका हुन् । उनी चितवनमा राष्ट्रिय, बहुराष्ट्रिय उद्योगहरु भित्र्याएर, शक्तिखोर औद्योगिक क्षेत्र निर्माण गरेर हजारौं रोजगारी सृजना गर्ने बताउँछन् । महिलाहरुलाई स्वरोजगार बन्न तालिम प्रदान गर्ने, युवाहरुलाई विभिन्न सीपमुलक तालिम दिने र विदेशिनु पर्ने बाध्यता हटाएर यही ठाउँमा काम गर्न सक्ने गरी वातावरण बनाउने उनको वाचा छ ।

आफूलाई निर्वाचनमा रुख चिह्नमा मतदान गरी अत्याधिक मतले विजयी गराउन जनताहरु समक्ष अपिल गर्दै श्रेष्ठले घरदैलो गरिरहेका छन् । चुनावपछि लोकतान्त्रिक बामगठबन्धनकै सरकार बन्ने दाबी गर्दै उनले आफू पुन: मन्त्री बन्ने सम्भावना रहेको दाबी गरे । मन्त्री भएपछि यो क्षेत्रमा ठूलाठूला योजना भित्र्याउन सहज हुने भएकाले आफूलाई जिताउन उनले अपिल गरेका छन् ।

**हरित औद्योगिक क्षेत्रको योजना**

प्रतिनिधिसभा सदस्य पदका लागि वाम-लोकतान्त्रिक गठबन्धनको तर्फबाट चितवन क्षेत्र नम्बर २ का साझा उम्मेदवार उमेश श्रेष्ठले कालिका नगरपालिकामा हरित औद्योगिक क्षेत्र बनाएर उत्पादन र रोजगारी वृद्धि गर्ने आफ्नो योजना रहेको बताएका छन् । 'यो क्षेत्रलाई हरित औद्योगिक क्षेत्र बनाएर उत्पादन तथा रोजगारीमा वृद्धि गर्नेछु' श्रेष्ठले भने ।

चुनावी घरदैलो कार्यक्रम अन्तर्गत कालिका नगरपालिका वडा नम्बर १, २, ४ र ५ मा मतदाताहरुसँगको कुराकानीका क्रममा श्रेष्ठले हरियालीपूर्ण औद्योगिक क्षेत्रको विकास गरी एकातिर बेरोजगारीको अन्त्य र उद्योगको विकास गर्दै पर्यटन प्रवर्द्धन गरी आयआर्जन समेत गर्न सकिने बताएका हुन् । यसका लागि यहाँको सडकको पूर्वाधारको खाँचो हुने उनको भनाई थियो । उनले आफूलाई मतदाताले विश्वास गरी निर्वाचन जिताउन आग्रह गरे ।

नेपाल सरकारका राज्यमन्त्री तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य श्रेष्ठले चितवन क्षेत्र नम्बर २ वाम-लोकतान्त्रिक गठबन्धन दलहरुको संयुक्त विद्यार्थी भेलालाई सम्बोधन गर्दै शिक्षा नै सर्वोपरि भएकोले सामुदायिक शिक्षाको विकासमा आफूले योगदान गर्न चाहेको बताए । उनले शिक्षाको विकास विना देशको आर्थिक समृद्धिको यात्रा समेत अधुरो हुने बताएका छन् ।

**जितहार महिलाको हातमा**

श्रेष्ठले यो गठबन्धन देशको समृद्धिको लागि गरिएको भन्दै यहाँका मतदाताहरुले सोच र मानसिकतामा परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन् । दुई तिहाईको सरकारको दम्भको कारण देश संकटमा परेको भन्दै उनले गठबन्धन जिताउन सबैको साथ आबश्यक रहेको बताए । गठबन्धनलाई जिताउन महिलाको नेतृत्व र ठूलो जिम्मेवारी रहेको उनको भनाइ छ । 'गठबन्धनलाई जिताउन महिलाको नेतृत्वदायी भूमिका र ठूलो जिम्मेवारी छ । महिला मतदाताको संख्या पनि धेरै छ । तपाई गठबन्धनको दुत बनिदिनुस । गठबन्धनलाई जिताउने र हराउने पनि तपाईहरुकै हातमा छ' उनले भने ।

शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, हाईड्रो क्षेत्रमा आफूले फड्को मार्न सफल भएकोले उत्पादन र रोजगारी दिन पनि आफ्नो उम्मेदवारी रहेको उनको भनाइ थियो । 'म कुनै पनि क्षेत्रमा असफल नभएको र नहारेको मान्छे' उनले भने, 'मैले स्वास्थ्य राज्यमन्त्री भएर गरेको कामको पनि मूल्यांकन गरिदिनुस् । अधुरा काम पनि गर्नदिनुस् । मलाई अब एकपटक जिताइदिनुस् । यो क्षेत्रमा ५ वर्षमा आमूल परिवर्तन गर्नेछु ।'

**को हुन् उमेश श्रेष्ठ ?**

२०१२ साल माघ २० गते पूर्वी नेपालको भोजपुर बजारमा जन्मिएका उमेश श्रेष्ठको ललितपुर उपमहानगरपालिका ३, झम्सीखेलमा अस्थायी बसोबास छ । भरतपुर महानगरपालिका ५ मा पनि उनको घर, जग्गा छ । हाल उनको स्थायी बसोबास भरतपुरमा नै रहेको छ । एक कार्यकाल संविधानसभा सदस्य र एक कार्यकाल प्रतिनिधिसभा सदस्य बनिसकेका श्रेष्ठ हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको राज्यमन्त्री हुन् । यसअघि उनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राज्यमन्त्री थिए ।















# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com

### जिन्सी मालसमान बिक्री सम्बन्धी बोलपत्र आवह्वनको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः२०७९।०७।२५**

यस नगरपालिका अन्तर्गतको दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका पुरानो झ्याल ढोका (जम्मा ४४ थान) न्यूनतम मुल्याङ्कन रकम रु ३,४३,०००। (अक्षरुपी तिन लाख त्रिचालिस हजार) कायम गरी बोलपत्रको माध्यबाट लिलाम विक्री गर्ने निर्णय अनुसार उक्त सामान आफ्नै खर्चमा उठाई लैजान इच्छुक व्यक्ति संघ संस्था वा फर्मले सिलबन्दी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| लिलाम हुने सामान | संख्या | न्यूनतम मूल्य | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका काठका पुराना झ्याल ढोका | ४४ | ३,४३,०००। (भ्याट रकम बाहेक) | १०००। | |

१) बोलपत्र फाराम दस्तुर वापत रु. १०००। (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । उक्त बोलपत्र फाराम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

२) ईच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र र व्यक्तिको हकमा प्यान नं र नेपाली नागरिकताको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३) बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रको नाम थर, ठेगना, फोन नं समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

४) बोलपत्र साथ आफूले कबुल गरेका रकमको १० प्रतिशत हुन आउने रकम एन.आईसी.एसिया बैङ्क, दलदले शाखामा रहेको धरौटी खाता नं ०७७२०५००२९१६५००७ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

५) दर्ता भएका बोलपत्रहरु १६ औं दिन दिनको १ बजे देवचुली नगरपालिकाको कार्यालय, नवलपरासी(ब.सु.पू) मा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन र उक्त दिन सार्वजनिक विदा भएमा विदा पश्चात कार्यालय खोलेको पहिलो दिन बोलपत्र खोलिनेछ ।

६) कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईने छैन।

७) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएपछि १५ दिन भित्र कवोल रकम दाखिला गरी समान उठाई लैजानुपर्नेछ, अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

८) लिलाम हुने मालसमान हेर्न चाहनेले कार्यालय समयमा हेर्न सकिनेछ ।

९) लिलाम गरिने मालसमानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ ।

१०) बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११) **यसमा नपरेका शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।**

**प्रमुख प्रशासकीय अधिकृत**

## देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
## जीर्ण भवन भत्काउने र भत्केको भवनको कवाडी (Scrap) सामान लिलाम बढाबढको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।२५**

यस कार्यालयक अन्तर्गत रजहरमा अवस्थित कृषि विकास शाखाको पुरानो जीर्ण भवन भत्काई भत्केको सामान लिलाम बढाबढ गरी बिक्री गर्न पूर्वाधार शाखाले पेश गरेको लिलाम बढाबढको न्युनतम रकम अङ्क स्वीकृत भएकोले सोका आधारमा निम्न शर्तहरुको आधारमा लिलाम बढाबको १५ दिने बोलपत्र सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र खरीद गर्ने मिति सुचना प्रकाशित भएको मितिले १५ दिनको हुने छ । र १६ औं दिनको १२:०० बजेसम्म बुझाउँनुपर्नेछ । सो लगत्तै १:०० बजे लिलाम बढाबढ बोलपत्र खोलिने छ । प्रतिनिधि वा बोलपत्रदाताको उपस्थितिमा बोलपत्र खोलिनेछ । निजहरुको उपस्थिति नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम कार्यालय समयभित्र राजस्व शाखामा रु. १०००।- को रसिद काटी खरिद गर्न सकिनेछ । बोलपत्र खरीद गर्ने व्यक्ति/संस्था/कम्पनी/फर्मले मात्र वोलपत्र पेश गर्न पाउने छ ।

२. बोलपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था/कम्पनी/फर्म भए प्रचलित कानुन बमोजिम दर्ता प्रमामण पत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ सम्मको नविकरण, आयकर तिरेको प्रमाण पत्र साथ पेश गर्नु पर्नेछ ।

३. लिलाम बढाबढमा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनोट गरिने छ । बोलकबोल अंकमा भ्याट रकम जोडी सम्झौता गरिनेछ ।

४. बोलपत्रदाताले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रहेको **एन.आई.सी. एसिया बैंक दलदले शाखामा रहेको खाता नं. ०७७२०५००२९१६५००७** मा जम्मा गरेको धरौटी रकमको सक्कल बैंक भौचर सहित शिलबन्दी लिलाम बढाबढ बोलपत्र साथ पेश गर्नु पर्नेछ । म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

६. जीर्ण भवन हेर्न चाहनेले यस कार्यालयमा सम्पर्क राखी हेर्न बुझ्न सक्नु हुनेछ । बोलपत्र स्वीकृत भएपछि नियमानुसार कार्यादेश पाईसके पछि भवन भत्काउन पाईनेछ । भवन भत्काउन अघि कबोल गरेको सम्पर्ण रकम र यसमा जोडिएको भ्याट समेत भुक्तानी गरि सकेपछि मात्र भवन भत्काउन पाइनेछ । भवन भत्काउने काम शरु गर्न बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र बोलपत्रदाता नआएमा बोलपत्रदाताले राखेको ५ प्रतिशत अग्रिम धरौटी जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

७. रित नपुगेको र शर्त राखी आएको लिलाम बढाबढ बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सही गरेको हुनुपर्ने छ । वीना धरौटी, कम धरौटीका बोलपत्रको मान्यता हुनेछैन ।

९. यस बोलपत्र सुचनामा छुटेका कुराहरु प्रचलित कानून बमोजिम हुने छन् । बोलपत्र सम्बन्धि जानकारी लिन चाहेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०७८-५७५३९६ मा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिने छ ।

| कामको विवरण | न्यूनतम बोल रकम | कार्यालय |
|---|---|---|
| भवन भत्काउने र कवाडी सामान लिलाम बढाबढ लिने | रु. ६२,०९८।- (भ्याट बाहेक) | देवचुली नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) |

**प्रमुख प्रशासकीय अधिकृत**


































